# नेपाल नागरिक उड्डयन प्राधिकरण
# १० वर्षे बिशेष बढुवाको फाराम भर्ने सम्वन्धी सूचना

(प्रकाशित मिति २०७३/१२/२८)

नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ को नियम ६.३ को उपनियम (३) बमोजिम प्राधिकरण सेवाको एउटै तहको पदमा अविच्छिन्न रुपले १० (दश) वर्षसम्म स्थायी रुपमा कार्यरत रही बृत्ति विकास (बढुवा) को अवसर नपाएका तह १ देखि तह ८ सम्मका कर्मचारीहरुलाई हाल बहाल रहेको तहको पदबाट एक तह माथिको पदमा नियमावलीको अनुसूचि -६ बमोजिम कार्यक्षमताको आधारमा बढुवाको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता पुरा भएका व्यक्तिहरुलाई विशेष बढुवा गरिने व्यवस्था भएकोले उक्त नियमावलीले तोकेको प्रावधानहरु पूरा गरी २०७३ असार मसान्त सम्ममा एउटै तहको पदमा माथि उल्लेख भए बमोजिम क्रमशः १०(दश) वर्ष अविच्छिन्न स्थायी सेवा अवधि पूरा गरेका तह १ देखि ८ सम्मका कर्मचारीहरुले रीतपूर्वकको दरखास्त फाराम भरी देहाय अनुरुप पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । यस प्राधिकरण अन्तर्गतका सम्पूर्ण कार्यालयहरुले पनि यसै सूचनालाई आधार मानी तोकिएको समयभित्र सम्बन्धित कर्मचारीहरुले भरेको विशेष बढुवाको फाराम दर्ता गरी कार्यालय प्रमुखले प्रमाणित गरी यथासमयमा प्रधान कार्यालयको प्रशासन विभागमा आई पुग्ने गरी पठाउनु हुन समेत जानकारी गराइन्छ ।

१. यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सम्बन्धित कर्मचारीले आफू कार्यरत रहेको कार्यालयमा तोकिएको ढाँचामा दरखास्त फाराम भरी पेश गर्नुपर्नेछ ।
२. दरखास्त फारामसाथ हालको पदको स्थायी नियुक्ति पत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र तथा तालीमका कागजातहरुको प्रतिलिपि स्वंयमले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।
३. हालको तहको पदमा रहदा असाधारण बिदा बसेको भए सो अवधि र गयल कट्टी भएको भए सो अवधि समेत सेवा अवधिमा गणना गरिने छैन ।
४. नियमावलीको नियम ६.३(३) बमोजिम विशेष बढुवा हुनको लागि आ.व. २०७०/०७१, २०७१/०७२ र २०७२/०७३ गरी तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनको अङ्क गणना गर्दा औसत अङ्क ८० प्रतिशत प्राप्त गरेको हुनुपर्नेछ ।
५. तोकिएको म्याद भित्र रीतपूर्वकको दरखास्त फाराम भरी आफू कार्यरत कार्यालयमा नबुझाउने कर्मचारीको हकमा विशेष बढुवाको कारवाही गरिने छैन ।
६. दरखास्त फाराम बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन दरखास्त फाराम बुझाउन सकिनेछ ।

# नेपाल नागरिक उड्डयन प्राधिकरण
# १५ वर्षे बिशेष बढुवाको फाराम भर्ने सम्वन्धी सूचना

(प्रकाशित मिति २०७३/१२/२८)

नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ को नियम ६.३ को उपनियम (३) बमोजिम प्राधिकरण सेवाको एउटै तहको पदमा अविच्छिन्न रुपले १५ (पन्ध्र) वर्ष स्थायी सेवा अवधि पूरा गरिसकेका र विगत ३ वर्षको कार्य समपादन मूल्यांक्नमा ८० प्रतिशत औसत अंक प्राप्त गरेका कर्मचारीहरुलाई सेवा अवधि भरमा एक पटकको लागि बहाल रहेको तहको पदबाट एक तह माथिको पदमा अनुसूचि ६ मा उल्लिखित शैक्षिक योग्यता नभएता पनि विशेष बढुवा गरिने भएकोले १५ (पन्ध्र) वर्ष अविच्छिन्न स्थायी सेवा अवधि पूरा गरेका कर्मचारीहरुले रीतपूर्वकको दरखास्त फाराम भरी देहाय अनुरुप पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । यस प्राधिकरण अन्तर्गतका सम्पूर्ण कार्यालयहरुले पनि यसै सूचनालाई आधार मानी तोकिएको समयभित्र सम्बन्धित कर्मचारीहरुले भरेको विशेष बढुवाको फाराम दर्ता गरी कार्यालय प्रमुखले प्रमाणित गरी यथासमयमा प्रधान कार्यालयको प्रशासन विभागमा आई पुग्ने गरी पठाउनु हुन समेत जानकारी गराइन्छ ।

१. यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सम्बन्धित कर्मचारीले आफू कार्यरत रहेको कार्यालयमा तोकिएको ढाँचामा दरखास्त फाराम भरी पेश गर्नुपर्नेछ ।
२. दरखास्त फारामसाथ हालको पदको स्थायी नियुक्ति पत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र तथा तालीमका कागजातहरुको प्रतिलिपि स्वंयमले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।
३. हालको तहको पदमा रहदा असाधारण बिदा बसेको भए सो अवधि र गयल कट्टी भएको भए सो अवधि समेत सेवा अवधिमा गणना गरिने छैन ।
४. नियमावलीको नियम ६.३(४) बमोजिम विशेष बढुवा हुनको लागि आ.व. २०७०/०७१, २०७१/०७२ र २०७२/०७३ गरी तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनको अङ्क गणना गर्दा औसत अङ्क ८० प्रतिशत प्राप्त गरेको हुनुपर्नेछ ।
५. तोकिएको म्याद भित्र रीतपूर्वकको दरखास्त फाराम भरी आफू कार्यरत कार्यालयमा नबुझाउने कर्मचारीको हकमा विशेष बढुवाको कारवाही गरिने छैन ।
६. दरखास्त फाराम बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन दरखास्त फाराम बुझाउन सकिनेछ ।

# नेपाल नागरिक उड्डयन प्राधिकरण

## चौबीस वर्षे बिशेष बढुवाको फाराम भर्ने सम्वन्धी सूचना

(प्रकाशित मिति २०७३/१२/२८)

नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ (संशोधन सहित) को नियम ६.३ को उपनियम (३क) बमोजिम कार्यक्षमताका आधारमा बढुवाको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता पूरा गरी नोकरीको तमाम अवधि भरमा एकतह मात्र पदोन्नती पाई प्राधिकरणको सेवामा चौबिस वर्ष स्थायी सेवा अवधि पूरा गरि विगत तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनमा नब्बे प्रतिशत औषत अङ्क प्राप्त गरेका तथा नियमावली बमोजिम अनुशासन सम्बन्धी कारवाहीमा नपरेका कर्मचारीहरुलाई एक तह माथिको पदमा विशेष बढुवा गर्ने व्यवस्था भएको हुदाँ देहाय बमोजिमको अधिनमा रही सम्बन्धित कर्मचारीहरुबाट दरखास्त आव्हान गरिएको छ । यस प्राधिकरण अन्तर्गतका सम्पूर्ण कार्यालयहरुले पनि यसै सूचनालाई आधार मानी तोकिएको समयभित्र सम्बन्धित कर्मचारीहरुको विशेष बढुवाको फाराम दर्ता गरी कार्यालय प्रमुखले प्रमाणित गरी यथासमयमा प्रधान कार्यालयको प्रशासन विभागमा आई पुग्ने गरी पठाउनु हुन समेत जानकारी गराइन्छ ।

१. यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सम्बन्धित कर्मचारीले आफू कार्यरत रहेको कार्यालयमा तोकिएको ढाँचामा दरखास्त फाराम भरी पेश गर्नुपर्नेछ ।

२. दरखास्त फारामसाथ हालको पदको स्थायी नियुक्ति पत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र तथा तालीमका कागजातहरुको प्रतिलिपि स्वंयमले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

४. हालको तहको पदमा रहदा असाधारण बिदा बसेको भए सो अवधि र गयल कट्टी भएको भए सो अवधि समेत सेवा अवधिमा गणना गरिने छैन ।

५. नियमावलीको नियम ६.३(३क) बमोजिम चौबिस वर्षे विशेष बढुवा हुनको लागि आ.व. २०७०/०७१, २०७१/०७२ र २०७२/०७३ गरी तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनको अङ्क गणना गरिनेछ ।

६. तोकिएको म्याद भित्र रितपूर्वकको दरखास्त फाराम भरी आफू कार्यरत कार्यालयमा नबुझाउने कर्मचारीको हकमा विशेष बढुवाको कारवाही गरिने छैन

९. दरखास्त फाराम बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन दरखास्त फाराम बुझाउन सकिनेछ ।